१३ बैशाख २०६९ शुक्रबार
Friday April 26, 2013
अर्थान्तर

# आवश्यकता : राज्य र बजारको सहकार्यको



**डा पोषराज पाण्डे**
कार्यकारी अध्यक्ष, साबती

देशले न्यून आर्थिक वृद्धि, व्यापक गरीबी, बढ्दो आर्थिक-सामाजिक असमानता, बेरोजगारी, कुशासन- भ्रष्टाचार, न्यून औद्योगिक उत्पादन क्षमता र उद्योगहरूको अधोगति, कमजोर बन्दै गएको प्रतिस्पर्धात्मक क्षमता, रेमिटयान्समा बढ्दो निर्भरताजस्ता समस्या भोगिरहेको छ। यस्तो बेला लोकतन्त्रको संरक्षणकै चुनौती बढिरहेको छ । यस वर्षको लोकतन्त्र दिवस नेपालमा केही उदासीनता र केही संवेदनहीनताका साथ मनाइयो । आर्थिक, राजनीतिक एवम् सामाजिक जटिलताले घेरिएको वर्तमान परिस्थितिमा देशले कस्तो राजनीतिक प्रणाली अपनाउने र आर्थिक नीतिहरूको आधार के हुने भन्ने विषयको छलफल थिग्रिसकेको छैन । त्यसैले अहिले भावी नेपालको विकासको मोडल कस्तो उपयुक्त हुन्छ, 'न्यायसङ्गत' विकास कसरी प्राप्त गर्न सकिन्छ, विकासको प्रक्रियामा राज्यको भूमिका के हुनुपर्छ, विकासको संरचनामा बजार वा निजीक्षेत्र कसरी सञ्चालन हुनुपर्छ भन्ने प्रश्न नेपाली जनतासामु अगाडि आएका छन् । तर, दुर्भाग्यवश राजनीतिक दल एवम् तिनका नेताहरू भने विद्यमान न्यून तहको आर्थिक-सामाजिक सन्तुलनलाई आफ्नो चुनाव क्षेत्रको सुनिश्चितताका लागि उपयोग गरिरहेका छन् र सामाजिक उथलपुथल निम्त्याउने हदसम्म समस्याहरूलाई बेवास्ता गरिरहेका छन् ।

पछिल्लो ६ दशकमा तेस्रो विश्व वा विकासशील देशहरूले जनताको जीवनस्तर उठाउन अर्थतन्त्र र समाजको सङ्गठनात्मक संरचनाका सम्बन्धमा धेरै थरीका विकासका अवधारणाहरू अपनाए । उदाहरणका लागि पूर्वी एशियाली देशहरूले तुलनात्मक रूपमा सर्वसत्तावादी शासन सञ्चालन गर्दै राज्यको सक्रिय भूमिकामा आकर्षक आर्थिक वृद्धि एवम् वितरण हासिल गरे । कम्युनिष्ट शासन व्यवस्था चलाएर देशको आर्थिक विषयमा राज्यको नियन्त्रण कायम गर्दै चीनले राजनीतिक बहुलवादको अभाव भएको उच्च आर्थिक वृद्धि प्राप्त गरेको छ र गरीबी पनि घटाउँदै लगेको छ । तर, पूर्ण प्रजातन्त्रको अभ्यास गरिरहेको भारतमा भने बजार प्रणालीको माध्यमबाट मन्द आर्थिक वृद्धि प्राप्त गर्दै व्यापक गरीबी भोगिरहेको छ ।

विकासलाई राजनीतिक स्वतन्त्रता केन्द्र भागमा रहेको र आर्थिक एवम् सांस्कृतिक स्वतन्त्रतासमेत समावेश भएको बहुआयामिक विषयका रूपमा परिभाषित गर्ने हो भने विकासशील देशले विकासको उद्देश्य सफलतापूर्वक प्राप्त गरेको भनेर कठिनताका साथ मात्र भन्न सकिन्छ । तर, पछिल्लो ६ दशकको अनुभवका आधारमा विकासको रणनीति के हुने भन्ने विषयमा चाहिं केही

कम्युनिष्ट शासन व्यवस्था चलाएर देशको आर्थिक विषयमा राज्यको नियन्त्रण कायम गर्दै चीनले राजनीतिक बहुलवादको अभाव भएको उच्च आर्थिक वृद्धि प्राप्त गरेको छ ।

सहमति देखिन्छ। जस्तो विकासको मुख्य उद्देश्य असमानता र पछौटेपनको न्यूनीकरण हुनुपर्छ । विकासको केन्द्र भागमा आर्थिक वृद्धिको उद्देश्य रहनुपर्छ । निजीक्षेत्रको सक्रियताको माध्यमबाट मात्र उच्च आर्थिक वृद्धि प्राप्त गर्न सकिन्छ । निजीक्षेत्र फस्टाउने पृष्ठभूमि प्रदान गर्नका लागि एवम् आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले दिगो आर्थिक वृद्धिको सुनिश्चितताका लागि सरकारको भूमिका रहनुपर्छ, जसले मात्र गरीबी र पछौटेपन घटाउन सक्छ । तसर्थ, उल्लिखित पृष्ठभूमिमा विकासको उद्देश्य प्राप्ति राज्यको सक्रियताले मात्र प्राप्त हुन्छ वा निर्बाध बजार संरचनाले भनेर यकिनसाथ भन्न सकिने स्थिति हुँदैन । बरु दुवैको आआफ्नै प्रकारको पृथक एवम् पूरक भूमिका आवश्यक पर्छ भन्नचाहिँ सकिन्छ ।